प्रस्तावना: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि २०८० मा कार्यविधिको दफा १९ ले दिएको अधिकार प्रयोग गरी केहि संशोधन गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाको वैठकले यो संशोधन गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

क) यस कार्यविधिको नाम "**ताप्ली गाउँपालिकाको कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि दोश्रो संशोधन २०८०**" रहेको छ।

ख) यो कार्यविधि मिति २०८०/०७/१३ देखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) कार्यविधि भन्नाले ताप्ली गाउँपालिकाको कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि २०८० लाई सम्झिनु पर्छ।

ख) गाउँपालिका भन्नाले यस ताप्ली गाउँपालिका सम्झनु पर्छ।

ग) कार्यपालिका भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## गरिएको संशोधन

**ताप्ली गाउँपालिकाको कृषि एम्बुलेन्स कार्यविधि २०८० को परिच्छेद ९ विविधमा निम्न दफाहरु थप्ने।**

२१. यस कृषि एम्बुलेन्सलाई ताप्ली गाउँपालिका भरीको नागरिकको कुनै अप्रत्यसित घटना घटी मृत्यू भई पोष्टमार्टमको लागि तोकिएको अस्पतालमा लैजानु पर्ने भएमा निःशुल्क उपलब्ध गराईने छ।

२२. यस गाउँ पालिकाको आफनै आयोजनाका कार्य वा कार्यक्रम तथा गाउँ पालिकाको शोभा बढाउन वा कायम राख्नको लागि कुनै स्थानमा जानु परेमा त्यस्तो सहभागीलाई निःशुल्क उपलब्ध गराउन सकिनेछ।